This translation is out of date. Use it along with the current VIS in English. Visit www.immunize.org/vis for details.



खोप जानकारीको अभिव्यक्ति

# Hib खोप

(हाइमोफिलस इन्फ्लुएन्जा टाइप बि)

## तपाईंले जान्नु पर्ने कुरा

Many Vaccine information Statements are available in Spanish and other languages. See www.immunize.org/vis
Hojas de información sobre vacunas están disponibles en español y en muchos otros idiomas. Visite www.immunize.org/vis

## 1 खोप किन लगाउने ?

हाइमोफिलस इनफ्लुन्जा टाइप बी (Haemophilus influenzae type b) (Hib) रोग जीवाणुको कारणहुने एउटा गम्भीर रोग हो । यसले सामान्यतया 5 वर्ष भन्दा कम उमेरका बालबालिकाहरूलाई असर गर्छ । यसले निश्चित रोगहरू भएका वयस्कहरूलाई पनि असर गर्न सक्छ ।

तपाईंको बच्चालाई जीवाणु भएको हुन सक्ने र त्यस बारेमा थाहा नभएका अन्य बालबालिका वा वयस्कहरूको वरिपरि रहँदा Hib रोग लाग्न सक्छ । कीटाणुहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा फैलिन्छन् । कीटाणुहरू बच्चाको नाक र घाँटीमा बसेमा बच्चा बिरामी नहुन सक्छ । तर कहिलेकाहीँ कीटाणुहरू फोक्सो वा रक्त प्रवाहमा फैलिन्छन् र त्यसपछि Hib ले गम्भीर समस्याहरू उत्पन्न गराउन सक्छ । यसलाई आक्रामक Hib रोग भनिन्छ ।

Hib खोपको आविस्कार भन्दा पहिले, Hib रोग संयुक्त राज्यमा 5 वर्षभन्दा कम उमेरका बालबालिकाहरूमा हुने ब्याक्टेरियाले लगाउने मेनिन्जाइटिसको प्रमुख कारण थियो । मेनिन्जाइटिस मस्तिष्क र मेरुदण्डको लाइनिङको संक्रमण हो । यसले मस्तिष्कको क्षति गर्ने र बहिरोपन निम्त्याउन सक्छ । Hib रोगले निम्न कुराहरू पनि निम्त्याउन सक्छ:

- निमोनिया
- सास फेर्न गारो पार्ने गरी घाँटी सुन्निनु
- रगत, जोर्नीहरू, हड्डीहरू र मुटुको आवरणको संक्रमणहरू
- मृत्यु

Hib खोपको आविस्कार भन्दा पहिले, संयुक्त राज्यमा प्रत्येक वर्ष 5 वर्ष भन्दा कम उमेरका लगभग 20,000 बालबालिकाहरूलाई Hib रोग लाग्थ्यो र तिनीहरू मध्ये लगभग 3% - 6% को मृत्यु हुन्थ्यो ।

Hib खोपले Hib रोगलाई रोकथाम गर्न सक्छ । Hib खोपको प्रयोगको सुरुवात भएदेखि, थुप्रै आक्रामक Hib रोगको केसहरूको संख्या 99% भन्दा बढीले घटेको छ । हामीले खोप लगाउन रोकेमा धेरै जसो बालबालिकाहरू Hib बाट ग्रसित हुन्छन् ।

## 2 एचआइबि (Hib) खोप

थुप्रै विभिन्न ब्राण्डहरूका Hib खोप उपलब्ध छन् । कुन खोपको प्रयोग गरिएको छ भन्ने कुराको आधारमा तपाईंको बच्चाले 3 वा 4 खुराकहरू प्राप्त गर्नेछन् ।

Hib खोपका खुराकहरू सामान्यतया निम्न उमेरहरूमा सिफारिस गरिन्छन्:

- पहिलो खुराक: 2 महिनाको उमेरमा
- दोस्रो खुराक: 4 महिनाको उमेरमा
- तेस्रो: खुराक 6 महिनाको उमेरमा (आवश्यक भए खोपको ब्राण्डको आधारमा)
- अन्तिम/बुस्टर खुराक: 12-15 महिनाको उमेरमा

Hib खोप अन्य खोपहरू दिएकै समयमा दिन सकिन्छ ।

Hib खोप संयुक्त खोपको अंशको रूपमा दिन सकिन्छ । एउटा खोपले एकभन्दा बढी रोग विरुद्ध सुरक्षा दिन सकोस् भन्नका खातिर दुई वा सोभन्दा बढी प्रकारका खोपहरू मिलाएर संयुक्त खोपहरू तयार गरिन्छन् ।

सामान्यतया 5 वर्षभन्दा माथिका बालबालिका र वयस्कहरूलाई Hib खोपको आवश्यक पर्दैन । तर आस्प्लेनिया वा सिकल सेलको रोग भएका अलिक बढी उमेरका बच्चा वा वयस्कहरूको फियो निकाल्ने शल्यक्रिया अघि वा बोन म्यारो प्रत्यारोपण गरेपछि यो खोपको आवश्यकता हुन सक्छ । यो खोप HIV भएका 5 वर्ष देखि 18 वर्षसम्मको मानिसहरूमा सिफारिस गर्न सकिन्छ । विवरणहरूको लागि आफ्नो चिकित्सकलाई सोध्नुहोस् ।

तपाईंको चिकित्सक वा तपाईंलाई खोप लगाउने व्यक्ति तपाईंलाई थप जानकारी दिन सक्छन् ।



U.S. Department of Health and Human Services
Centers for Disease Control and Prevention

## 3 केही मानिसहरूले यो खोप लिनु हुँदैन

Hib खोप 6 हप्ताभन्दा कम उमेरका शिशुहरूलाई दिनु हुदैन ।

कुनै व्यक्तिलाई विगतमा खोपको खुराक लिएपछि ज्यान जोखिममा पार्ने किसिमको एलर्जी भएको थियो वा यो खोपको कुनै पनि भागद्वारा गम्भीर एलर्जी भयो भने त्यस्तो व्यक्तिले यो खोप लिनु हुँदैन । सबै सूक्ष्म एलर्जीहरुको बारेमा खोप दिने व्यक्तिलाई भन्नुहोस्|

हल्का बिरामी भएका मानिसहरूले Hib खोप लिँदा हुन्छ । मध्यम वा गम्भीर रूपमा बिरामी भएका व्यक्तिहरूले निको हुन्जेलसम्म कुर्दा राम्रो हुन्छ । सुई लगाउने दिनमा खोप लगाउने व्यक्तिलाई सन्चो छैन भने तपाईंको प्रदायकसँग कुरा गर्नुहोस् ।

## 4 खोप प्रतिक्रियाका खतराहरू

खोपहरू लगायत सबै औषधिले प्रतिक्रिया दिने सम्भावना हुन्छ । ती प्रतिक्रिया हल्का हुन्छन् र आफै हराएर जान्छन् । गम्भीर प्रतिक्रियाहरू पनि हुन सक्छन्, तर अत्यन्तै कम रूपमा ।

एचआइबि (Hib) खोप लगाउने धेरैजसो मानिसहरूलाई यसले समस्या गर्दैन ।

एचआइबि (Hib) खोप लगाएपछि हुने सामान्य समस्याहरू:
- सुई लगाइएको ठाउँमा रातो हुने, ज्वरो आउने, वा सुनिने
- ज्वरो आउने

यी समस्याहरू असामान्य छन् । यी समस्याहरू भइहाले भने पनि सुई लगाएको केही समयपछि नै सुरु भएर 2 वा 3 दिनसम्म रहन्छन् ।

सुईद्वारा दिइने कुनै पनि खोप लिइ सकेपछि देखा पर्न सक्ने समस्याहरू यस प्रकार छन्: कुनै पनि औषधीले गम्भीर एलर्जी प्रतिक्रिया ल्याउन सक्छ । खोपबाट त्यस किसिमको प्रतिक्रिया निकै कम मात्रामा हुन्छ, अर्थात् दश लाख डोजमा 1 जना भन्दा कमलाई हुन्छ र खोप लगाएपछि केही मिनेटदेखि र केही घण्टाको बीचमा यस्तो हुन्छ भन्ने अनुमान गरिएको छ ।

सबै प्रकारका औषधिले जस्तै खोपका कारणले पनि गम्भीर चोटपटक लाग्ने वा मृत्यु हुन सक्ने दुर्लभ सम्भावना हुन्छ ।

कुनै पनि खोप लगाइसकेपछि बढी उमेरका बालबच्चा, किशोर-किशोरी, र वयस्कहरूमा यी समस्याहरू आउन सक्छन्:
- मानिसहरू कहिलेकाहीँ खोप लगायतका चिकित्सा उपचारपछि बेहोस हुने गर्छन् । लगभग 15 मिनेट जति बस्नु वा ढल्केर बस्नुले बेहोस हुन, र लडेर हुने चोटपटकबाट बचाउँछ । रिँगटा लाग्यो, वा दृष्टि समस्या भयो वा कान बज्यो भने आफ्नो चिकित्सकलाई बताउनुहोस् ।
- कतिपय मानिसहरूलाई सुई लगाएको कुममा अत्यन्तै पीडा हुन्छ र हात चलाउन गाह्रो हुन्छ । अत्यन्त कम व्यक्तिमा मात्र यस्तो समस्या हुन्छ ।

खोपको सुरक्षालाई सधैँ अनुगमन गरिन्छ । थप जानकारीको लागि, निम्न वेबसाइटमा जानुहोस्: www.cdc.gov/vaccinesafety/

## 5 गम्भीर प्रतिक्रिया भयो भने के गर्ने ?

म के प्रति होसियार हुनुपर्छ ?
- आफूलाई चिन्तित पार्ने गम्भीर एलर्जी प्रतिक्रिया, अत्यन्तै उच्च ज्वरो वा असामान्य व्यवहार जस्ता कुनै पनि चिन्ह तथा लक्षण प्रति होसियार हुनुहोस् ।

  गम्भीर एलर्जी प्रतिक्रियामा बिबिरा आउने, अनुहार र घाँटी सुनिने, सास फेर्न गाह्रो हुने, मुटुको धड्कन छिटो-छिटो चल्ने, रिँगटा लाग्ने, र कमजोर हुने आदि पर्छन् । यस्ता लक्षणहरू खोप लगाएपछि केही मिनेटदेखि केही घण्टापछि देखा पर्न सक्छन् ।

मैले के गर्नुपर्छ ?
- यदि यो गम्भीर एलर्जी प्रतिक्रिया हो वा प्रतीक्षा गर्न नसकिने अन्य आपत्कालिन समस्या हो भने 9-1-1 मा टेलिफोन गर्नुहोस् वा बिरामीलाई सबैभन्दा नजिकको अस्पतालमा लैजानुहोस् । वा, आफ्नो डाक्टरलाई टेलिफोन गर्नुहोस् ।
- त्यसपछि, प्रतिक्रियाको बारेमा भ्याक्सिन एड्भर्स इभेन्ट रिपोर्टिङ सिस्टम भिएइआरएस (VAERS) मा रिपोर्ट दिइनुपर्छ । तपाईंको डाक्टरले यो रिपोर्ट बुझाउन सक्छन्, वा VAERS को वेबसाइट www.vaers.hhs.gov मा गएर, वा 1-800-822-7967 मा टेलिफोन गरेर तपाईं आफै यसो गर्न सक्नुहुन्छ ।

VAERS ले मेडिकल सल्लाह दिँदैन ।

## 6 राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (VICP)

राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (Vaccine Injury Compensation Program, VICP) एक यस्तो संघीय कार्यक्रम हो जुन निश्चित खोपहरुद्वारा चोटपटक लागेका वा हानी भएका मानिसहरूलाई क्षतिपूर्ति दिने उद्देश्यले स्थापना गरिएको हो ।

आफूलाई खोपले हानी गरेको छ वा चोटपटक लागेको छ भन्ने विश्वास गर्ने व्यक्तिहरूले कार्यक्रमको बारेमा जान्न र दाबी दायर गर्ने विषयमा 1-800-338-2382 मा टेलिफोन गरेर वा VICP को वेबसाइट www.hrsa.gov/vaccinecompensationमा गएर जानकारी लिन सक्छन् । क्षतिपूर्तिको लागि दाबी दायर गर्ने म्याद हुन्छ ।

## 7 मैले थप कुरा कसरी जान्न सक्छु ?

- तपाईंको डाक्टरलाई सोध्नुहोस् । निजले तपाईंलाई खोप जानकारी (package insert) प्रदान गर्न सक्छ वा सूचनाको अन्य स्रोतहरू बताउन सक्छ ।
- आफ्नो स्थानीय वा राज्य स्वास्थ्य विभागमा टेलिफोन गर्नुहोस् ।
- रोग नियन्त्रण तथा रोकथाम विभागहरू (Centers for Disease Control CDC) मा कल गर्नुहोस्:
  - 1-800-232-4636 (1-800-CDC-INFO) मा कल गर्नुहोस् वा
  - CDC को वेबसाइट www.cdc.gov/vaccines मा जानुहोस्

Vaccine Information Statement
**Hib Vaccine - Nepali**

4/02/2015

Office Use Only

42 U.S.C. § 300aa-26
Translation provided by Minnesota Department of Health